# पुनर्वास नगरपालिकाको
# सामाजिक विकास समिति, उपसमिति गठन तथा लक्षित वर्गको कार्यक्रम संचालन सम्वन्धी कार्यविधी, २०७५

कार्यपालिकाबाट पारित मितिः-२०७५।११

**पुनर्वास नगरपालिका**
**सामाजिक विकास समिति**
**कञ्चनपुर**

# पुनर्वास नगरपालिकाको सामाजिक विकास समिति, उपसमिति गठन तथा लक्षित वर्गको कार्यक्रम संचालन सम्वन्धी कार्यविधी, २०७५

कार्यपालिकाबाट पारित मितिः-२०७५।११

## प्रस्तावना

पुनर्वास नगरपालिकाको कार्यपालिकाले आफ्नो काम कारवाहीलाई थप व्यवस्थित रुपमा संचालन गरी कार्यसम्पादनस्तर गुणात्मक वनाई उच्चतम नतिजा प्राप्त गर्न, पुनर्वास नगरपालिकाको सामाजिक विकास समिति विषयगत क्षेत्रमा विशिष्टीकृत रुपमा नीति, योजना तथा कार्यक्रम संचालन गरी कार्यपालिकाको वैठकको उपलव्धीलाई अझ वृद्धि गर्न स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा १४ र दफा १०२(२) अनुसार कार्यपालिकाले मिति २०७५/......./.......को बैठकले यो कार्यविधी वनाई लागू गरेको छ।

## परिच्छेद-१
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ-**

(१) यो कार्यविधीको नाम**"पुनर्वास नगरपालिकाको सामाजिक विकास समिति, उपसमिति गठन तथा लक्षित वर्गको कार्यक्रम संचालन सम्वन्धी कार्यविधी, २०७५" रहेको छ।**

(२) योकार्यविधी पुनर्वास नगरपालिकाको कार्यपालिका वैठकबाट स्वीकृत भएको मितिदेखि लागू हुनेछ।

**२. परिभाषाः**विषय वा प्रसंगले अर्को अर्थ नलागेमा,-

(क) "ऐन" भन्नाले स्थानीय सरकार संचालन ऐन, २०७४ सम्झनु पर्दछ।

(ख) "कार्यविधी" भन्नालेपुनर्वास नगरपालिकाको सामाजिक विकास समिति, उपसमिति गठन तथा लक्षित वर्गको कार्यक्रम संचालन सम्वन्धी कार्यविधी, २०७५ लाई सम्झनु पर्दछ।

(ग) "पुनपा" भन्नाले पुनर्वास नगरपालिका कार्यालय सम्झनु पर्दछ।

(घ) "प्रमुख" भन्नाले पुनर्वास नगरपालिकाको प्रमुख सम्झनु पर्दछ।

(ङ) "उपप्रमुख" भन्नाले पुनर्वास नगरपालिकाको उपप्रमुख सम्झनु पर्दछ।

(च) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले पुनर्वास नगरपालिकाको प्रमुख प्रशसकीय अधिकृतलाई सम्झनु पर्दछ।

(छ) "समिति/उपसमिति/उपभोक्त समिति" भन्नाले यस कार्यविधी वमोजिम गठित समिति उपसमितिलाई सम्झनु पर्दछ।

(ज) "नगरसभा" भन्नाले पुनर्वास नगरपालिकाको नगरसभालाईसम्झनु पर्दछ।

(झ) "संयोजक" भन्नाले समितिको संयोजकलाईसम्झनु पर्दछ।

(ञ) "सदस्य" भन्नाले समितिको सदस्यलाईसम्झनु पर्दछ।

(ट) "सदस्य सचिव" भन्नाले समितिको सदस्य सचिवलाई सम्झनु पर्दछ।

(ठ) "विभाग/शाखा/ईकाई" भन्नाले पुनर्वास नगरपालिका अन्तर्गतको विभाग, शाखा र ईकाईलाई सम्झनु पर्दछ।

(ण) “लक्षित वर्ग” भन्नाले दलित, अपाङ, महिला, जनजाति, पिछडा वर्ग, अल्पसंख्यक, एकल महिला, म. स्व. स्वयम् सेविका, वालवालिका, जेष्ठ नागरिक, लगायत राज्यद्धारा गरिएका परिभाषा गरिए अनुसारहुनेछ ।

## परिच्छेद-२
## समिति गठन तथा क्षेत्राधिकार

**३. समिति गठन-** (१) नेपालको संविधान तथा स्थानीय सरकार संचालन सम्वन्धी ऐन र अन्य प्रचलित नेपाल कानूनले स्थानीय तहलाई उपलब्ध गराईएको अधिकारको समुचित प्रयोग गर्दै स्थानीय शासन प्रशासनलाई व्यवस्थित वनाई जनसहभागिता,उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी सुलभ र गुणस्तरीय सेवा प्रवाह गर्न मद्दत पुऱ्याउने उद्देश्यले पुनर्वास नगरपालिका अन्तर्गत विषयगत क्षेत्रमा केन्द्रित भई विशिष्टीकृत रुपमा छलफल गरी निस्किएको निचोड तथा प्रस्तावलाई संयोजक मार्फत कार्यपालिकामा पेश गरी आवश्यक कानून, नीति, योजना र कार्यक्रम तर्जुमा गर्ने, कार्यान्वयन गर्ने गराउने तथा अनुगमन-मूल्याकंन मार्फत उपलव्धीलाई उच्चतम गराउन आवश्यक देखिएकोले हालको विषयगत कार्यक्षेत्रलाई आधार मानी कार्यपालिका मातहत रहने गरि सामाजिक विकास समितिगठन गरिने छ ।
(२) उपनियम (१) वमोजिमका बिषयगत समितिको संयोजक कार्यपालिकाले छनौट गर्ने छ र संयोजकलेकार्यपालिका वा नगरसभाको सदस्यमध्ये ३ जना सदस्य र एक जना सदस्य सचिवमा संवद्ध शाखाको प्रमूख/उप-प्रमुख रहने गरी जम्मा ५ जनाको समितिको संरचना बनाउने छ । समितिका सदस्य कुनै एक विषयगत समितिको सदस्य मात्र रहन पाईनेछ । समितिको वैठकमा नगर प्रमुख, उपप्रमुख र प्रमुख प्रशासकीय अधिकृत आमन्त्रित सदस्यको रुपमा रहन सक्नेछन् ।

**(४) उपनियम (१) बमोजिमसमितिको काम, कर्तव्य रअधिकारदेहाय वमोजिम हुनेछ :**

(१) यस नगरपालिकाको प्रथम नगरसभाले पारित गरेको नगर कार्यपालिका कार्यविभाजन नियमावली, २०७४ मा उल्लेख भए अनुसार पुनर्वास नगरपालिका क्षेत्रकोआधारभूत तथा माध्यमिक शिक्षा, खेलकुद तथा अतिरिक्त क्रियाकलाप, आधारभूत स्वास्थ्य तथा सरसफाई,लैंगिक समानता तथा सामाजिक सुरक्षा (लैंगिक समानता, वालवालिका, किशोर किशोरी तथा युवा, अपांगता भएका व्यक्ति तथा जेष्ठ नागरिक), गैरसरकारी संस्था परिचालन, समन्वय तथा नियमन, सामाजिक सुरक्षा कार्यक्रम तथा व्यक्तिगत घटना दर्ता, संस्कृति, सम्पदा, ललितकला तथा पर्यटन प्रबर्द्धन, समाजकल्याण, व्यवसायिक क्षमता विकास, स्वरोजगार जस्ता सामाजिक क्षेत्रमा सुशासन र समृद्धी हाँसिल गर्न आवश्यक नीति, योजना, कार्यक्रम तर्जुमा गर्ने ।

(२) महिला, वालवालिका, जेष्ठ नागरिक, असाहय र अपांगता भएका व्यक्ति, दलित, पिछडिएको वर्ग, समुदाय, गरिव तथा सिमान्तकृतहरुको हकहित र सुविधाको निम्ति यस नगरपालिकाले अवलम्वन गरेको नीति तथा कार्यक्रमको कार्यान्वयन गर्न गराउन आवश्यक रणनीति, कार्यनीति, योजना तयार गर्ने, अनुगमन गर्ने ।

(३) पुनर्वास नगरपालिकाको स्वास्थ्य, शिक्षा, रोजगारी, खेलकुद आदिको क्षेत्रमा गुणात्मक तथा जनउपयोगी कार्यपद्धतिको विकास गरी सक्षम, उत्कृष्ट, सबल र प्रतिस्पर्धी नागरिक विकासमा केन्द्रित भई स्थानीय शासन संचालनका लागि आवश्यक संयन्त्र तथा कार्यप्रणालीको शिफारिस गर्ने ।

(४) समाजकल्याण तथा सामाजिक विकासका विविध क्षेत्रहरुमा सम्वन्धित विभाग, महाशाखा, ईकाई, आयोजना तथा वडा कार्यालयहरुबाट प्रभावकारी रुपमा कानून वमोजिम पारदर्शी ढंगले कार्य भए नभएको नियमित अनुगमन सुपरीवेक्षण गरी कार्यान्वयनलाई सुनिश्चित गराउने ।विषय क्षेत्रसँग संवन्धित विभाग/महाशाखा/ईकाई तथा अन्य प्रशासनिक एकाईसँग समन्वय गरी तोकिएका कार्यविवरण अनुसारको कार्यसम्पादनमा थप सहजता र प्रभावकारीता ल्याउन सहयोग गर्ने ।

(५) सामाजिक विकास शाखा वा यस अन्तर्गतका शाखा, उपशाखा, इकाई आदिको बार्षिक योजना तय गर्ने तथा स्वीकृतको लागि कार्यपालिकामा पेश गर्ने ।

(६) मातहतको शाखा, उपशाखा, इकाईको कामलाई अनुगमन गरि जनमूखी बनाउन पृष्ठपोषण दिने, तथा योजनालाई परिमार्जन गर्ने ।

(७) नपाको समस्तसामाजिक क्षेत्रको काम कारवाही वा कार्यक्रममा आवश्यक सुधारको अध्ययन अनुसन्धान गरी सुझाव दिने, अनुगमन गर्ने।

(८) पुनर्वास नगरपालिका क्षेत्रभित्रका संस्कृति र सम्पदाको संरक्षण, संवर्धन र प्रवर्धन गर्न तथा पर्यटन विकासको निमित्त आवश्यक नीति, योजना, कार्यक्रम तर्जुमा गर्ने ।

(९) नगरसभा तथा कार्यपालिकाबाट स्वीकृत नीति तथा कार्यक्रम कार्यान्वयन गर्न गराउन आवश्यक रणनीति, कार्यनीति, योजना समेत बनाउने, अनुगमन गर्ने, महतव्पूर्ण कार्यक्रमहरु संचालन गर्ने ।

(१०) स्थानीय संस्कृति, सम्पदा, चाडपर्व, जात्रा, विहार, मन्दिर, धार्मिक क्षेत्र, पर्यटन क्षेत्र लगायत पुरातात्विक महत्वका नदी किनार-घाट, पाटीपौवा, किरियापुत्री वस्ने घर, वाजागाजा, गुठी परम्परा तथा अन्य मुर्त-अमुर्त सम्पदाको सम्वन्धमा आवश्यक अध्ययन,अनुसन्धान, विश्लेषण गरी सुधार तथा संरक्षणको निमित्त अवलम्वन गर्नुपर्ने नीति तथा संस्थागत व्यवस्थाको शिफारिस गर्ने ।

(११) संस्कृति, सम्पदा संरक्षण तथा पर्यटन विकाससँग संवन्धित विभाग,शाखा, आयोजना तथा सो सम्बन्धी कार्य वडा कार्यालयहरुबाट प्रभावकारी रुपमा कानून वमोजिम पारदर्शी ढंगले कार्य भए नभएको नियमित अनुगमन सुपरिवेक्षण गरी कार्यान्वयनलाई सुनिश्चित गराउने ।

(१२) विषय क्षेत्रसँग संवन्धित विभाग/शाखा/इकाई तथा अन्य प्रशासनिक एकाईसँग समन्वय गरी समितिसंग सम्बन्धित योजना सम्पादनमा थप सहजता र प्रभावकारीता ल्याउन सहयोग गर्ने ।

(१३) बिषयगत शाखालाई कार्य सम्पादन गर्न आवश्यक पर्ने ऐन, नीति, निर्देशका, कार्यविधि, विधान आदि राय, सुझाव सहित समितिमा पेश गरिनेछ र समितिले आवश्यक छलफल गरि विद्येयक समिति तथा कार्यपालिकालाई सिफारिस गर्नेछ ।

(१४) समितिले आफ्नो कामकारवाही, शिफारिस, अध्ययन प्रतिवेदन तथा सुझावहरु संयोजकमार्फत कार्यपालिकाको वैठकमा पेश गर्ने प्रवन्ध मिलाउने ।

(१५) कार्यपालिकाले तोकेका अन्य कार्य गर्ने ।

## परिच्छेद-३

विविध

**५.समितिको बैठक सम्वन्धी व्यवस्था-**समितिको वैठक सम्वन्धी व्यवस्था देहाय वमोजिम हुनेछ ।

(१) समितिको वैठक आवश्यकता अनुसार वस्नेछ ।

(२) समितिको वैकक संयोजकको आदेशानुसार सदस्य सचिवले वोलाउनेछ । सदस्य सचिवले संयोजकसँग समन्वय गरी वैठक वस्ने मिति, स्थान र कार्यसूची तय गर्नुपर्नेछ ।

(३) समितिको वैठकमा आवश्यकता अनुसार सम्वन्धित क्षेत्रका विज्ञलाई पनि आमन्त्रण गर्न सक्नेछ ।

(४) समितिमा तत्काल कायम रहेका सम्पूर्ण सदस्य संख्याको पचास प्रतिशत भन्दा वढी सदस्यहरु उपस्थित भएमा समितिको वैठकका लागि गणपुरक संख्या पुगेको मानिनेछ ।

(५) समितिको वैठकको अध्यक्षता संयोजकले र निजको अनुपस्थितिमा जेष्ठ सदस्यले गर्नेछ ।

(६) समितिको वैठकमा वहुमतको निर्णय मान्य हुनेछ र मत वरावर भएमा समितिको वैठकमा अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ।

(७) समितको वैठकको निर्णय सदस्य सचिवले प्रमाणित गर्नेछ ।

६. **प्रतिवेदन पेश गर्नुपर्ने -**बिषयगत समिति तथा शाखाले गरेका काम कारवाही, शिफारिस तथा प्रतिवेदनहरु सम्वन्धमा प्रत्येक ४/४ महिनाको चौमासिक प्रतिवेदन तथा बार्षिक प्रतिवेदन संयोजक मार्फत कार्यपालिकामा पेश गर्नु पर्नेछ ।

७. **सुझाव, निर्देशन पालना गर्नुपर्ने -** कार्यपालिकाले दिएका सुझाव तथा निर्देशनहरु समतिले पालन गर्नुपर्नेछ ।

८. **कर्मचारीले सहयोग गर्नु पर्ने -**न.पा.मा कार्यरत सवै कर्मचारीहरुले समितिको काम कारवाहीमा आवश्यक सहयोग गर्नु पर्नेछ ।

९. **उपसमिति गठन गर्न सकिने-** समितिले आफ्नो क्षेत्राधिकार भित्रको विषयमा विस्तृत अध्ययन विश्लेषण गर्न वढीमा ३ सदस्यीय उपसमिति गठन गरी जिम्मेवारी तोक्न सक्नेछ ।

१०. **उपसमिति भंग, पुनर्गठन गर्न सकिने-** उपसमितिलाई समितिले जुनसुकै वेला भंग वा पुनर्गठन गन सक्नेछ ।

११. **वैठक भत्ता सम्वन्धी व्यवस्था-** समिति/उपसमितिको वैठक भत्ता कार्यपालिकाले तोकेवमोजिम हुनेछ ।

१२. **बाधा अडकाउ फुकाउने अधिकार-** यस कार्यविधीले व्यवस्था गरेको कुनै प्रावधान कार्यान्वियन गर्न बाधा अडकाउ फुकाउन परेमा कार्यविधि संसोधन आवश्यकता अनुसार बाधा अडकाउ फुकाउन सक्नेछ ।

१३.**संशोधन गर्न सक्ने-**यस कार्यविधीमा भएका कुनै विषयमा संशोधन गर्नु पर्ने आवश्यकता महशुस भएमा कार्यविधीमा संशोधन गर्न सक्नेछ ।

## परिच्छेद-४

आचार संहिता

**१४. यस समिति अन्तर्गतको कार्यक्रम संचालन गर्दा देहाय बमोजिमको आचार संहिता पालना गर्नु पर्नेछ।**

१. संस्था वा समूह प्रचलित कानून अनुसार दर्ता भएको हुनु पर्नेछ।

२. परियोजना प्रस्ताव माग राख्ने संस्थाले दर्ता प्रमाण पत्र (नविकरण), आन्तरीक राजश्व कार्यालयमा दर्ता प्रमाण पत्र, समाज कल्याण परिषद् वा अन्य आवश्यक निकायमा आवद्धता भएको प्रमाण पत्र, लेखापरीक्षण प्रतिवेदन, करचुक्ता प्रमाणपत्र आदिको प्रतिलिपि पेश गर्नु पर्नेछ।

३. संस्था/समूहको विधानमा संस्थाको कार्यक्षेत्र यस न.पा. भएको हुनु पर्नेछ।

४. प्रतावित कार्यक्रम यसै न.पा. भित्र संचालन तथा सम्पन्न गर्नु पर्ने छ।

५. संस्था/समूह यस न.पा.मा समेत सूचीकृत/दर्ता भएको हुनु पर्नेछ।

६. संस्था/समूहको विधानको उद्देश्यसंग स्पष्ट मेल खाने कार्यक्रम मात्रै माग गर्न सकिनेछ।

७. परियोजना प्रस्ताव पेश गर्दा तथा संचालन गर्दा तोकिएको ढाँचा अनुसार तयार पार्नु पर्नेछ।

८. कार्यक्रम संचालन गर्न चाहाने संस्था तथा समूहका पदाधिकारी/सदस्य यसै न.पा.मा स्थायी बसोवास गर्ने गरेको प्रमाण पेश गर्नु पर्ने छ।

९. कार्यक्रम आयोजना गर्दा अनिर्वायविषयगत समिति वा शाखाद्धारा अनुगमन गराई फरफारक गर्दा अनुगमन प्रतिवेदन संलग्न राख्नु पर्नेछ।

१०. परियोजना प्रस्ताव पेश गर्दा औचित्य पुष्टी हुँने गरि आवश्यक कृयाकलाप मात्रै समावेश गरिनु पर्नेछ।

११. परियोजनाको आर्थिक प्रस्ताव तयार पार्दा चलन चल्तीको मूल्य अनुसार न्यूनतम् बजेट हुनु पर्ने छ।

१२. प्रस्तावित आयोजना कार्यान्वयन गर्दा संघ संस्था/सहकारी/समूह वा उपभोक्ता समूहले २५ प्रतिशत र नीजि संस्था वा फर्मले ५० प्रतिशत आर्थिक योगदान व्यर्होनु पर्नेछ।

१३. कार्यक्रम संचालन गर्दा मित्तव्यीता र सुशासन पद्धतिलाई कार्यान्वयन गर्न कार्यक्रममा नै बजेटबारे सबै समक्ष सार्वजनिककरण गर्ने जस्ता कार्य अनिर्वाय पालना गर्नु/गराउनु पर्नेछ।

१४. परियोजना प्रस्ताव न.पा.को बार्षिक कार्यक्रम संग मेल खाले र समय तालिका अनुसार मात्रै संचालन गरिनेछ।

१५. कुनै एक शिर्षकमा विनियोजन गरेको रकमले आवश्यकता अनुसार विभिन्न कार्यक्रमहरु गर्न सकिनेछ।

१६. एक बर्षमा एक संस्था/समूह वा उपभोक्ता समूहलाई एउटा भन्दा बढि कार्यक्रम स्वीकृत गरिने छैन्।

१७. लक्षितवर्गको रकमबाट अधिवेशन तथा सभा सम्मेलन जान यातायात वापत खर्च गर्न पाईने छैन्।

१८. कार्यक्रम संचालन गरिसकेको संस्था/समूह वा उपभोक्ता समूह संग नयाँ प्रस्ताव मागेको संस्था/समूह वा उपभोक्तामा समूह एउटै व्यक्ति दोहोरीएको पाईएमा त्यस्ता प्रस्ताव स्वतः खारेज भएको मानिनेछ।

१९. निश्चित समुदाय वा वर्गको लागि विनियोजित योजना तथा कार्यक्रम हो सोहि वर्ग, समुदायले प्रतिनिधित्व गरेको संघ/संस्था/समूहले मात्रै संचालन गर्न सक्नेछ।

१९. लक्षितवर्गका लागि विनियोजन गरिएको योजना तथा कार्यक्रम सोहि वर्गको समुदायको शिप, क्षमता, कला-संस्कृति विकास आदि तथा उनीहरुको हक अधिकार प्रवर्द्धन हुँने खालका कार्यक्रममा लगानी गरिने छ। यस्तो रकम पूर्वाधारमा लगानी गरिने छैन्।

२०. नगरपालिकाको प्रत्यक्ष दायित्व रहने वा आवश्यक ठानेका क्रियाकपालहरु न.पा./बिषयगत समिति वा शाखा आफै वा साझेदारीमा संचालन गर्न सक्नेछ ।

२१. आएका परियोजना प्रस्तावलाई समितिले रद्द गर्ने, पुन:सम्पादन गर्न लगाई स्वीकृत गर्ने वा आंसिक स्वीकृत गरि छनौट गर्न सक्नेछ । प्राप्त परियोजना प्रस्ताव छानौट वा रद्द गरेको कारण स्पष्ट उल्लेख गर्नु पर्नेछ ।

**१५. साझेदारीमा कार्यक्रम गर्न सकिने -**लक्षितवर्गका कार्यक्रम संघ/संस्था/समूह/उपभोक्ता समिति मार्फत पनि संचालन गर्न सकिनेछ । यसरी कार्यक्रम संचालन गर्दा बार्षिक योजना अनुसार तयार परिएको कार्यतालिका बमोजिम सार्वजनिक सूचना जारी गरि संघ संस्थाबाट प्रस्ताव आवह्सन गरिनेछ । साझेदार संस्था छनौट गर्दा स्थानीयलाई पहिलो प्राथमिकता दिईनेछ । यसरी संकलन गरेको प्रस्तावलाई संसोधन गर्ने/गर्न लगाई समाजिक विकास समितिले छनौट गरि स्वीकृतको लागि सम्बन्धित निकायलाई सिफारिस गर्नेछ ।

***धन्यवाद ।***